म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २११ २०८१ असार ९ गते आइतबार 23 June 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## मकवानपुरगढीको बजेट सोमबार आउने

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट आगामी सोमबार प्रस्तुत गर्ने भएको छ। शनिबार एक सूचना जारी गर्दै गाउँपालिकाले सोमबार ११ औं गाउँसभामा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न लागेको जानकारी गराएको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ४ बमोजिम असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने भएकाले गाउँपालिकाले बजेट प्रस्तुत गर्न लागेको सूचनामा उल्लेख गरिएको छ। कार्यक्रम मकवानपुरगढी गाउँपालिकाको सभाहलमा हुनेछ।

# मकवानपुरगढीमा अनिवार्य तथा निःशुल्क शिक्षा लागू



*अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको पालिका घोषणा कार्यक्रममा सामूहिक प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्नुहुँदै जिसस प्रमुख ललित घलान।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको घोषणा गरिएको छ। शनिबार मकवानपुरगढी-२, शिखरकटेरीस्थित चण्डिका माध्यमिक विद्यालय परिसरमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित घलानले पालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको घोषणा गर्नुभएको हो।

जिसस प्रमुख घलानले नेपालको संविधान २०७२ को भाग ३, मौलिक हकअन्तर्गत धारा ३१ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ बमोजिम मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको पालिका घोषणा गर्नुभएको हो। पालिकाले निःशुल्क शिक्षा घोषणाका लागि तोकिएको सबै मापदण्ड पूरा गरेको छ। यसअघि मकवानपुरको बागमती गाउँपालिका र थाहा नगरपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरिसकेको छ।

कार्यक्रममा बोल्नुहुँदै जिसस प्रमुख घलानले अहिले सरकारले शिक्षा क्षेत्रलाई व्यवस्थित र मजबुद बनाउन महत्वपूर्ण काम गरिरहेको बताउनुभयो। सरकारले विद्यालय बस उपलब्ध गराउने, विद्यालयमा नर्स र विद्यार्थीमैत्री भवन निर्माण गरिदिने जस्ता महत्वपूर्ण काम गरिरहेको उहाँको भनाइ छ। उहाँले अहिले सामुदायिक विद्यालयको अवस्था सुधार हुँदै गइरहेको पनि बताउनुभयो। यो अवस्थामा कोही पनि बालबालिका विद्यालय बाहिर हुन नहुने भन्नुहुँदै उहाँले यसको व्यवस्थापन सरकारले गर्नुपर्ने बताउनुभयो।

पालिकाभित्रका ३७ वटा सामुदायिक विद्यालयमा अहिले ५ हजार ६ सय विद्यार्थी अध्ययनरत छन्। जसमध्ये ४ देखि १३ वर्ष उमेरका विद्यार्थीहरु ३ हजार ६ सय ५८ जना रहेका छन्। पालिकाले निःशुल्क र अनिवार्य शिक्षा घोषणाको तयारी गर्ने क्रममा ८ बालबालिका विद्यालयमा भर्ना हुने उमेर भएपनि भर्ना नभएको पाइएको गाउँ शिक्षा योजना निर्माण फोकल पर्सन कमल फुयाँलले बताउनुभयो। यस्तै, ४१ जना बालबालिका विद्यालय छोडेर बाहिर रहेकोमा ३५ जनालाई विद्यालयमा पुनः भर्ना गराएको र बाँकी ६ जना पनि भर्ना हुने चरणमा रहेको उहाँले बताउनुभयो। भर्ना हुन बाँकी ६ जनामध्ये ३ जनाको भौगोलिक विकटताका साथै विद्यालय टाढा भएका कारण विद्यालय भर्ना हुन बाँकी रहेको जनाइएको छ। उनीहरुको जनप्रतिनिधिहरुको पहलमा आइतबार नै भर्ना हुने उहाँले बताउनुभयो।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा पालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, शिक्षा विकास निर्देशनालय बागमती प्रदेशका संयोजक देवनारायण चौधरी, पालिकाका निवर्तमान अध्यक्ष विदुर हुमागाईंलगायतको उपस्थिति रहेको थियो।

### हेटौंडा सिमेन्ट उद्योगमा किलिङ्कर उत्पादन सुरु

# अवकासप्राप्त कर्मचारीको आन्दोलन स्थगित




समाज संवाददाता

हेटौंडाः पूर्ण सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले ४ महिनापछि किलिङ्कर उत्पादन सुरु गरेको छ। गत फागुनदेखि किलिङ्कर उत्पादन रोकिएको हेटौंडा सिमेन्ट उद्योगले शुक्रबार बिहानदेखि किलिङ्कर उत्पादन गर्ने प्लान्ट सुचारु गरेको हेटौंडा सिमेन्ट उद्योगका महाप्रबन्धक बसन्त कुमार पाण्डेले जानकारी दिनुभएको छ। किलिङ्कर उत्पादनसँगै उद्योगमा अवकासप्राप्त कर्मचारीको आन्दोलन पनि स्थगित भएको छ।

नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीको पहलमा उद्योगको प्रमुख कामको रुपमा किलिङ्कर उत्पादनसँगै अवकासप्राप्त कर्मचारीको समस्या समाधानमा पनि पहल भएसँगै आन्दोलन पनि स्थगित भएको महाप्रबन्धक पाण्डेको भनाइ छ। उद्योग नियमितरुपमा सञ्चालन गर्ने विषयमा पनि उद्योग प्रशासनले आवश्यक तयारी गरिरहेको पाण्डेले बताउनुभयो। "कच्चा पदार्थ मध्ये मुख्यतः कोइलाको व्यवस्थापन गर्नुपर्नेछ", महाप्रबन्धक पाण्डेले भन्नुभयो, "उद्योगमा मौज्दात रहेको कच्चा पदार्थको प्रयोग गरेर किलिङ्कर उत्पादन गर्ने प्लान्टलाई सुचारु गरेका छौं। यसलाई नियमित सञ्चालन गर्न आवश्यक कच्चा पदार्थको नियमित उपलब्धताका लागि पनि प्रयास भइरहेको छ।"

२०७९ साल साउन महिनादेखि अनिवार्य र स्वेच्छिक अवकासप्राप्त ३० जना कर्मचारीको रकम भुक्तानी गर्न नसक्दा अवकासप्राप्त कर्मचारी आन्दोलित थिए। हेटौंडा सिमेन्ट उद्योगले उद्योग मन्त्रालयमार्फत अर्थमन्त्रालयमा रकम माग गरेको र अर्थमन्त्रालयबाट पनि रकम निकासा हुने अवस्था रहेकोले अवकासप्राप्त कर्मचारीलाई आन्दोलन रोक्न आग्रह गरिएबमोजिम आन्दोलनको कार्यक्रम शुक्रबारदेखि नै स्थगित भएको बताइएको छ। अवकासप्राप्त कर्मचारी तीन महिनादेखि अवकासपछि प्राप्त हुनुपर्ने रकम माग गर्दै आन्दोलनरत थिए। पछिल्लो समय उनीहरुले उद्योगको प्रशासनिक भवनमा दिउँसो १ बजेसम्म धर्ना बसेर कर्मचारीलाई कार्यालय प्रवेशमा रोक लगाउँदै आएका थिए।

हेटौंडा सिमेन्ट उद्योगका नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीले अवकासप्राप्त कर्मचारीको आन्दोलन स्थगित गर्दै किलिङ्कर उत्पादनको काम पनि सुरु हुनु सकारात्मक भएको भन्नुहुँदै उद्योगलाई नियमित सञ्चालन र उचित व्यवस्थापनमा आवश्यक पहल गर्दै जाने बताउनुभयो। कच्चा पदार्थको व्यवस्थापन गर्दै जाने र अवकासप्राप्त कर्मचारीको र कम भुक्तानीका लागि अर्थमन्त्रालयमा पहल भइरहेको उहाँको भनाइ छ। हेटौंडा सिमेन्ट उद्योगसँग अहिले पनि करिब ४० हजार बोरा सिमेन्ट मौज्दात रहेको छ भने दैनिक औसत ५ हजार बोरा सिमेन्ट बिक्री भइरहेको छ।

# घटेन किशोरीहरुको आमा बन्ने संख्या

समाज संवाददाता

हेटौंडाः नेपालमा २० वर्ष मुनि विवाह गरेमा अपराध मानिएको छ। तर, किशोरीहरुले भने २० वर्ष नपुग्दै सन्तान जन्माइरहेका छन्। किशोरावस्थामै बच्चा जन्माएमा किशोरी तथा बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्नसक्ने मेडिकलले समेत पुष्टि गरेको छ। विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले विभिन्न कार्यक्रम गरेर बालविवाह रोक्न प्रयास गरे पनि सफल हुन सकेका छैनन्।

मकवानपुरको हेटौंडा अस्पतालमा मकवानपुर तथा विभिन्न जिल्लाका सेवाग्राहीहरु स्वास्थ्य जाँच गर्न आउने गर्दछन्। हेटौंडा अस्पतालको तथ्यांकअनुसार वैशाख महिनामा १९ जना किशोरीहरु आमा बनेका छन्। हेटौंडा अस्पतालमा वैशाख महिनामा २ सय ३४ जना गर्भवती सुत्केरी भएका थिए। २ सय ३४ जनामध्ये ११ जनाको गम्भीर अवस्थामा बच्चा निकाल्नु परेको थियो। यस्तै, एकसय २७ जनाको सामान्य अवस्था रहँदा ७७ जनाले शल्यक्रिया गरी बच्चा जन्माएका हेटौंडा अस्पतालले जनाएको छ। हेटौंडा अस्पतालमा एक महिनामा १ सय १५ बालक र ९७ बालिका गरी २ सय १२ जना जन्मेका छन्।

हेटौंडा अस्पतालको ५ वर्षको तथ्यांकअनुसार किशोरीहरुको आमा बन्ने अवस्था झन बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ मा २ हजार ४ सय ९१ जना महिलाहरु सुत्केरी भएका थिए। जसमा एकसय ७७ जना किशोरी आमा बनेका थिए। यस्तै, आर्थिक वर्ष २०७६/०७७ सालको तथ्यांकअनुसार २ हजार ८ सय ५५ जना सुत्केरी हुँदा एकसय ९२ जना किशोरी आमा बनेका थिए।

आर्थिक वर्ष २०७७/०७८ मा ३ हजार ४७ जनामा २ सय ३५ जना, आर्थिक वर्ष २०७८/०७९ मा ४ हजार ३२ जनामा २ सय ५५ जना र आर्थिक वर्ष २०७९/०८० सालको तथ्यांक अनुसार ३ हजार ८ सय ९७ जना आमामध्ये २ सय ७६ जना किशोरी थिए। चालु आर्थिक वर्ष २०८०/०८१ को तथ्यांक पनि यस्तै देखिन्छ।

चालु आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए। यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना र कार्तिक महिनामा २२ जना किशोरी आमा बनेका थिए। हेटौंडा अस्पतालबाट प्रसुति सेवा गराउनेमध्ये मंसिर महिनामा २३ र पुस महिनामा १२ जना किशोरीले शिशु जन्माएका हुन्। यस्तै, माघ महिनामा १६ जना, फागुन महिनामा १७ र चैत महिनामा २० जना किशोरी आमा बनेका छन्। किशोरावस्थामै बच्चा जन्माएमा पछि ठूलो नकारात्मक समस्या आउन सक्छ। किशोरीहरुले यस उमेरमा बच्चा जन्माउने मुख्य कारण भनेको बालविवाह हो। नेपालमा बालविवाहलाई नियन्त्रण गर्न सकेमा किशोरीहरुको गर्भवती हुने समस्या न्यून हुनसक्छ।

किशोरावस्थामा गर्भवती भई बच्चा जन्माउँदा पछि पाठेघरमा समस्या तथा अनेक रोगको संक्रमणको जोखिम हुने विशेषज्ञहरुले बारम्बार बताइरहेका छन्। किशोरीहरु आफैं बच्चा हुने हुँदा बालबालिकाको हेरचाहमा पनि पहुँच पुग्न असहज हुन्छ। व्यक्तिगत स्वच्छतामा ध्यान पुऱ्याउन नसक्ने, व्यक्तिगत स्वच्छतासम्बन्धी ज्ञान नहुने उमेर शिशु जन्माउँदा आमा र शिशु दुबैको स्वास्थ्यमा समस्या देखिने गरेको छ। किशोरीहरुले परिवारको दवाव वा स्वेच्छाले बालविवाह गर्ने गरेको भए पनि पछि धेरैले पश्चातापसमेत गर्ने गरेका छन्। धेरै जनाले विपदका कारण बालविवाह गर्ने तथा गराउने गर्दछन्। तर सबै समस्याको समाधान बालविवाह नभएको जनचेतना जगाउन आवश्यक छ।

हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट श्रीधर अर्यालका अनुसार नेपालमा कडा कानुनी कारबाही आवश्यक रहेको छ। कानुनी कारबाही कम भएका कारण धेरै मानिस प्रोत्साहित भएको भन्दै उहाँले यस्तो गर्नेलाई कानुनको दायरामा ल्याउन जरुरी रहेको बताउनुभयो। 'पहिलेको समाजले ७ वर्षको उमेरलाई विवाहयोग्य उमेर मान्दथ्यो भने अहिले धेरैले १७-१८ वर्षको उमेरलाई विवाहयोग्य मान्दछन्', डा. अर्यालले भन्नुभयो- 'यसबारे जनचेतना जगाउन जरुरी छ।' यस्तै, बालबालिकाका लागि सामाजिक शिक्षाका विषय प्रोत्साहन र अभिभावकहरुलाई वकालत गरे कम हुनसक्ने उहाँको भनाइ छ।

हेटौंडा उपमहानगरपालिकाकी महिला, बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेका अनुसार हेटौंडा उपमहानगरपालिकामा १९ वटा वडामा ३ सय ९६ वटा बाल समूह क्रियाशील छ। हरेक वडामा एकजना सहजकर्ता हुनुहुन्छ। बाल समूहले प्रत्येक महिना बैठक बस्ने गरेको छ भने बाल हिंसाको बारेमा, बालविवाहको असर, त्यसको कानुनी व्यवस्था, हानि-नोक्सानीको बारेमा जानकार बनाउने काम भइरहेका छ। लामिछानेका अनुसार हेटौंडा उपमहानगरपालिकाले थाहा भएसम्म बालविवाहलाई बदर गर्ने गरेको छ। बदर गरेपछि धेरै किशोरीहरु विद्यालय गएर आफ्नो क्षिक्षा पूरा गरिरहनुभएको उहाँको भनाइ छ।

हेटौंडा उपमहानगरपालिका-४ की स्वास्थ्यकर्मी ज्योति प्याकुरेलका अनुसार शिक्षा र जनचेतना कम भएका कारणले यस्तो समस्या बढिरहेको हो। अहिलेको बालबालिकाको मानसिकतामा बिहेवारी २० वर्ष पारि भन्ने कुरा जडान गर्नुपर्छ। किशोरकिशोरीहरुले २० वर्षमुनि कुनै निर्णय लिन नसक्ने हुँदा अहिले आफूलाई शिक्षामा समर्पित गर्न आवश्यक रहेको प्याकुरेलले बताउनुभयो। वडा नम्बर ४ का स्वास्थ्यकर्मीहरुले किशोरकिशोरीहरुलाई कार्यालयमा किशोरावस्थामा आउने परिवर्तनको बारेमा जानकार गराउने गरेको भन्दै विद्यालयमा वर्षको २ पटक जाने गरेको बताउनुभयो। अहिले हेटौंडा-४ मा ३ जना स्वास्थ्यकर्मी हुनुहुन्छ।

यस्तै, हेटौंडा उपमहानगरपालिका-९ की स्वास्थ्यकर्मी अञ्जिता रिमालका अनुसार स्वास्थ्यकर्मीहरुले विद्यालयमा गएर स्वास्थ्य शिक्षाको बारेमा जानकारी दिने गर्नुभएको छ। किशोरकिशोरीहरुका लागि सचेतना कार्यक्रम आयोजना गर्नुपर्ने उहाँको भनाइ छ। यस्तो विषयमा बालबालिकाले स्वविवाह गर्न चाहे वा अभिभावकले विवाह गर्दिन चाहेमा अभिभावक वा बालबालिकाले साथी भएर, तथ्यका साथ बुझाउनुपर्ने स्थानीय सम्झना देवकोटाले बताउनुभयो। यस्तै, अर्का स्थानीय योगेन्द्रप्रसाद अधिकारीका अनुसार अहिलेका बालबालिकाले अस्थायी साधनको गलत फाइदा उठाउने प्रवृत्ति बढिरहेको भन्दै नगरपालिका, वडाले यस्तो उमेर समूहका बालबालिकाको निगरानी गर्न आवश्यक रहेको बताउनुभयो।

बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गर्ने वा गराउने व्यक्तिलाई ७५ हजार रुपैँयासम्म जरिवाना र तीन वर्षसम्म कैद हुने व्यवस्था छ।

# रुपचन्द्र विष्टको स्मृतिमा विचार गोष्ठी

समाज संवाददाता

हेटौंडाः राजनीतिज्ञ, दार्शनिक एवम् थाहा दर्शनका प्रवर्तक रुपचन्द्र विष्टको २५ औं स्मृति दिवसको अवसरमा हेटौंडामा विचार गोष्ठीको आयोजना गरिएको छ। शुक्रबार नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान र प्रेस सेन्टर मकवानपुरको संयुक्त आयोजनामा गोष्ठी भएको हो।

मकवानपुर जिल्लाभित्र सक्रिय पार्टीका नेताहरुको उपस्थितिमा विचार गोष्ठी भएको हो। गोष्ठीमा रुपचन्द्र विष्टको सिद्धान्त, विचार र नीतिबारेमा छलफल भएको थियो। छलफलमा बोल्नुहुँदै रुपचन्द्र विष्ट स्मारक समितिका अध्यक्ष एवम् पूर्वसांसद रामनारायण बिडारीले विष्टको विचार र सिद्धान्तको बारेमा प्रष्ट पार्नुभयो। उहाँले विष्ट गरिबी र अन्य सबै वर्गको नेता भएको बताउनुभयो।

सबै वर्गको अन्याय र अत्याचार विरुद्ध सधैं बोल्ने निडर कम्युनिष्ट नेता विष्ट भएको उहाँको भनाइ छ। उहाँले विष्टले जनमुखी संविधान निर्माण गर्नुपर्ने र सार्वजनिक सरोकारको विषय जनताले जान्न पाउनुपर्छ भनेर आवाज बुलन्द पार्ने गरेको बताउनुभयो।

फरक सन्दर्भमा उहाँले अहिले देशका नेताहरुले कहिल्यै राजनीति, अर्थनीति र समाजनीतिबारे बहस नगरेको बताउनुभयो। राजनीति बलियो नभएसम्म अरु नीति पनि ठिक नहुने उहाँको भनाइ छ। उहाँले दलहरुबीच देश विकास र समाज रुपान्तरणका लागि बहस हुनुपर्ने बताउनुभयो।

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मकवानपुरका अध्यक्ष नरप्रकाश पौडेलको अध्यक्षतामा भएको गोष्ठीमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल, एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष विष्णु दाहाल, माओवादी केन्द्रका मकवानपुर जिल्ला संयोजक भीम पाखिन र नेपाली कांग्रेस मकवानपुर जिल्ला सचिव भीमसेन महतलगायतको उपस्थिति रहेको थियो।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# बजेटदेखि नै अपारदर्शी व्यवहार

सुशासन र पारदर्शितामा चुक्दै आएको हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षको बजेट पारित गर्ने क्रममा पनि त्यसलाई निरन्तरता दिएको छ । आगामी सोमबार नगरसभा बैठक बसेर नीति तथा कार्यक्रम र बजेट पारित गर्ने पूर्वसूचनालाई लत्याएर उपमहानगरपालिकाले शनिबार नै नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ । उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत सरुवा हुनुभएकाले सोमबारसम्म कुर्न नसक्ने भन्दै शनिबार नै नगरसभा बैठक बोलाएर बजेट पारित गरिएको बताइएको छ । विगतमा उपमहानगरपालिकाले कार्यपालिका बैठकको निर्णय सार्वजनिक नगरेको, ढिला गरी निर्णय सार्वजनिक गरेको, केही निर्णयमात्र सार्वजनिक गरेर केही निर्णय गोप्य राख्ने गरेको थियो । कार्यपालिकाको बैठकको निर्णयलाई पारदर्शी बनाउन नसकेको भन्दै चर्को आलोचना भएपछि एउटा कार्यपालिका बैठक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रशारण गराएको हेटौंडा उपमहानगरपालिकाले उक्त कार्यलाई निरन्तरतासमेत दिन सकेको छैन ।

हेटौंडा उपमहानगरपालिकाले गत आइतबार नीति तथा कार्यक्रम पेश गर्न डाकेको नगरसभा बैठकमा अचानक बजेटसमेत प्रस्तुत गरेको थियो । बजेट सार्वजनिक गर्न पर्याप्त समय बाँकी हुँदै उपमहानगरपालिकाले नीति तथा कार्यक्रमसँगै बजेट सार्वजनिक गर्नुलाई पनि अर्थपूर्णरुपमा लिन सकिन्छ । सामान्यतया: सरकारले ल्याएको नीति तथा कार्यक्रम पारित भएपछि सोहीअनुसार बजेट ल्याउनुपर्ने हुन्छ । यसकारण नीति तथा कार्यक्रमसँगै बजेट ल्याउनुलाई स्वभाविक मान्न सकिँदैन । नीति तथा कार्यक्रम नगरसभामा पेश भएपछि त्यसमा छलफल गर्ने, आवश्यक परे संशोधन गर्ने अनि संघीय र प्रदेश सरकारले उपलब्ध गराउने बजेटको पूर्ण विवरण लिएर उपमहानगरपालिकाले बजेट सार्वजनिक गर्ने अभ्यास हुन नसक्नुले उपमहानगरपालिकाले लोकतान्त्रिक मूल्य, मान्यतासँगै पारदर्शिता र सुशासनलाई समेत बेवास्ता गरेको स्पष्ट हुन्छ । गोलमटोलरुपमा केही कार्यक्रम र रकम राखेर बजेट सार्वजनिक गर्ने परिपाटीले बजेट निर्माण प्रक्रियालाई फितलो बनाउनुका साथै कार्यान्वयनमा पनि जटिलता उत्पन्न हुने सम्भावना रहन्छ ।

नेपालको संविधान २०७२ ले संघीय सरकारले जेठ १५ गते र प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । संघीय सरकारको बजेट सार्वजनिक भइसकेपछि त्यसैको आधारमा प्रदेश सरकारहरुले असार १ गते बजेट सार्वजनि गर्दै आएका छन् । संघ र प्रदेश सरकारले उपलब्ध गराउने सशर्त अनुदान, समपूरक अनुदान तथा अन्य शीर्षकको बजेटसमेत समावेश गरेर गाउँपालिका र नगरपालिकाले असार १० गतेभित्र बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर, हेटौंडा उपमहानगरपालिकाले बागमती प्रदेश सरकारले बजेट सार्वजनिक गरेको भोलिपल्टै हतारमा बजेट ल्याउनुले संशय पैदा भएको छ । झन् तोकिएको समयअघि नै सञ्चारकर्मीलाई समेत जानकारी नदिई नगरसभा बैठक डाकेर हतारमा बजेट पारित गरिँदा थप शंका उत्पन्न गराएको छ ।

संघीयता कार्यान्वयन भएसँगै मुलुकमा तीन तहको सरकार छ । जसमध्ये जनताको घरदैलोको सरकार गाउँपालिका र नगरपालिका हो । प्रदेश र संघीय सरकारसँग जनताको प्रत्यक्ष सम्पर्क कमै हुन्छ । तर, स्थानीय सरकारको रुपमा रहेका गाउँ/नगर पालिकाले जनतालाई प्रत्यक्ष सेवा, सुविधा प्रदान गर्दछ । स्थानीय सरकार आम जनताको चासो र आवश्यकतासँग प्रत्यक्ष जोडिएको हुन्छ । पारदर्शी काम कारबाही गरेर नगरबासीलाई सन्तुष्टि दिनुपर्ने दायित्वलाई हेटौंडा उपमहानगरपालिकाले भुलिरहेको छ । बजेट पेश गर्ने र पारित गर्ने प्रक्रियादेखि नै अपारदर्शी व्यवहार प्रदर्शन गर्न थालेपछि उपमहानगरपालिकाले बजेटको बाँडफाँड, विगतका कार्यक्रमको समीक्षा, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, कार्यपालिका बैठक र त्यसको निर्णयलगायत कार्यलाई कसरी पारदर्शी बनाउला भन्ने आम नगरबासीमा चिन्ता थपिएको छ ।

# तात्दै सेलाउँदै गरेको हेटौंडाको सडक विस्तार....



बिशभ अधिकारी

२५ मिटर सडक विस्तारको चर्चा अहिले सेलाएको छ । सडक विस्तारको सूचना जारि गरेपछि तात्ने हेटौंडा डिभिजन सडक कुम्भ कर्ण निन्द्रामा परेपछि अहिले हेटौंडा बजार चुपचाप, निशब्द छ । सडक डिभिजन कार्यालयले पटक-पटक सडक विस्तारको सूचना जारी गर्ने अनि त्यसको विरुद्ध अदालतमा मुद्दा पर्ने र निषेधाज्ञा जारी भई बिस्तारको क्रम रोकिने, राजनीतिक शक्ति र पहूँचको आधारमा हेटौंडाको सडक विस्तार रोकिँदै आएको घाम जत्तिकै छर्लङ्ग छ । केहि महिनाअघि डिभिजन सडकले २५ गजभित्र रहेको अस्थायी स्थायी घरटहरा संरचना भत्काउन सूचना जारी गऱ्यो । त्यसलाई हेटौंडा उपमहानगरपालिको नगरसभाले समर्थन गऱ्यो ।

नगरप्रमूखले सर्वपक्षीय भेलामा 'आईएमरेडी' भनेर सडक विस्तार अब रोकिँदैन भन्ने संकेत गरे लगतै सडकपेटीमा रहेको गमला हटाउने कार्य भयो । त्यसपछि यहाँका राजनीतीक दलका केही नेता फेरी सार्वजनिक खपतका लागि बाटो विस्तारको बाधक भएर उभिए । फेरी सर्वोच्चमा रिट पर्यो । अदालतले तत्कालका लागि रोक्नु भन्ने आदेश गरेपछि फेरि सडक विस्तार केही समयका लागि रोकियो । अहिले सर्वोच्चले उक्त रिट खारेज गरिसकेको अवस्था छ । २५ मिटर सडक विस्तारसम्बन्धी हेटौंडाका घरधनीले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन खारेज भएको थियो । न्यायाधीश सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सडक विस्तारसम्बन्धमा दर्ता भएका सम्पूर्ण रिटहरू खारेज गरेको हो । डिभिजन सडक कार्यालय हेटौंडाले २५-२५ गज सडक सीमाभित्र पर्ने संरचना हटाउन सूचना निकालेपछि सडक विस्तार कार्य रोक्न घरधनीहरु सर्वोच्च गएका थिए । तर सर्वोच्चले गत असार ३१ गतेदेखि साउन २४ गतेसम्म सडक विस्तारसम्बन्धमा दर्ता भएका सबै रिट खारेज गरेको थियो ।

सडक विस्तार गर्न अब कुनै कानुनी अड्चन छैन । मुआब्जा वा अन्य व्यवस्थापनका विषय बाहेक अब सडक विस्तार गर्ने विषयमा बहुसंख्यक मानिसको मतैक्यत्ता देखिन्छ । तर डिभिजन सडक कार्यालयले सडक विस्तार गर्न आवश्यक रकमको अभावमा असमर्थता प्रकट गरिरहेको छ । त्यस्तै सरकारको चासो पटक्कै देखिँदैन । तसर्थ यो सडक विस्तारको कार्य सधैं अलमलमा पर्ने, बजारवासीहरु सधैं पीडा र त्रासमा बाँच्नूपर्ने अवस्था विद्यमान छ ।


साँघुरो सडक, राजधानीको महत्व, बढ्दो जनघनत्व, सम्भावित दुर्घटना हरेक दृष्टिकोणले हेटौंडा कुरूप हुँदैछ । निरन्तरको १६ मिटर सडकको अवधारणले न सार्थकता पायो न बाईपास सडकले मूर्तरूप लियो । यो अन्यौलता बीच बजारक्षेत्रमा बसोबास गर्ने जनतामा ठूलो निराशा र आक्रोश छ । यो मुद्दा राजनीतिक खपतका लागि मात्र बेला-बेलामा उठाउनु सर्वथा अनुचित हुनेछ । यहाँको जमिनी यथार्थलाई हेरेर साँच्चै सडक फराकिलो पार्नुपर्छ, सरोकारवाला पनि अन्यायमा नपरून्, सडक पनि विस्तार होस् । वस्तुतः हेटौंडाको सुन्दरता र विकासका लागि फराकिलो सडक अनिवार्य शर्त हो । सरोकारवाला सबैलाई सहमतिमा ल्याएर यो निर्णय कार्यान्वयन गर्न जरूरी छ । पूर्व-पश्चिम राजमार्गको धेरै भागहरू फराकिलो सडक निर्माण भैसकेको पृष्ठभूमिमा यहाँ कथित केहि नेता र व्यापारी घरानाका केही व्यक्तिको मेनरोडमा घर भएकै कारणले सडक विस्तार राजनीतिक पहुँचकै आधारमा रोक्नु हेटौंडाको सिङ्गो भविष्यका लागि दुर्भाग्यपूर्ण हुन सक्छ । तसर्थ सुन्दर, स्वच्छ, व्यवस्थित र फराकिलो सडक, हरियाली बागमति प्रदेशको हेटौंडा राजधानीको पहिचान बनाउन सक्नुपर्छ । यस्का लागि सबैको साथ र समर्थन आवश्यक छ ।

२०३१ सालमा सार्वजनिक सडक ऐन आयो । यसले राजमार्गसम्बन्धी मापदण्ड कायम गऱ्यो । सडकबीचबाट राइट आफ वे २५/२५ गज भनेर निर्धारण गरियो । यो ऐन आउनूअघि निर्माण भएका स्थायी, अस्थायी घर अन्य संरचनाहरुले स्वाभाविक मुआब्जा पाउँछ नै । कतिले हेटौंडा बजारमा पनि मुआब्जा लिएका छन् । जसले लिएका छैनन् तिनका हकमा तिनलाई दिनुपर्छ तर २०३१ सालपछि निर्माण भएका संरचनाको हकमा तिनले राज्यबाट मूआव्जा पाउँदैन कानूनसम्मत कुरो यहि हो । २०३१ सालको सडक ऐनले सडकको अवधारणा स्पष्ट त परिभाषित गरेको छ राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्ग गरेर सार्वजनिक सडकहरुको वर्गीकरण गरेको छ भने राष्ट्रिय लोकमार्ग, प्रदेश लोकमार्ग, स्थानीय सडक, ग्रामीण सडक, शहरी सडक, कृषि सडक र तोकिए बमोजिमको अन्य कुनै सडक भनेर सडकको वर्गीकरण छुटाएको छ ।

नगर क्षेत्रभित्रका सडक पालिकाले मापदण्ड निधारण गर्दछ । त्यस्तै नेपाल सरकारले कुनै राष्ट्रिय योजनाका लागि सडक विस्तार गर्नुपर्ने भयो भने सडकमा पर्ने घरजग्गाको मुआब्जा दिन्छ जून २०३४ सालको जग्गाप्राप्ति ऐनमा उल्लेख छ । उदाहरणका लागि फास्ट ट्रयाकमा परेका जग्गालाई मुआब्जा दिईयो । त्यस्तै धरान-चतरा सडकमा परेका घरहरुको पनि क्षतिपूर्ति दिइएको छ । तर, २०३४ को यो ऐनलाई समातेर राजमार्गमा घरजग्गा परेकाले मुआब्जा माग्ने विषय फरक हो । कानूनतः २०३१ पछि राजमार्गमा नयाँ संरचना निर्माण गर्दा मापदण्डअनुरुप २५ गज छोडेर मात्र बनाउन पाईन्छ । पूर्व-पश्चिम राजमार्ग अधिकांश सडक विस्तार भैसक्यो । हेटौंडा बजार मात्र रोकिएको छ । कहिले राजनीतिक प्रभावले, कहिले अदालतको आदेश, यि सबै जटिलता हटे पनि अब विस्तार गर्न चाहिने आवश्यक रकमको अभावमा काम रोकिएको छ भनिएको छ ।

सत्य तथ्य के हो जनमानसलाई स्पष्ट पार्नु जरुरी छ । बजारक्षेत्रलाई १६ मिटर बनाउन सबै सहमत थिए । तर कानुनी जटिलताले त्यो सम्भव देखिएन । त्यसका लागि संसदबाट नै सडक ऐन संशोधन गर्नुपर्ने हुन्छ । तत्कालिन शेर बहादुर सरकारले मन्त्रीपरिषद्बाट हेटौंडाको चौकीटोल-राप्तीपुलदेखि रातोमाटेसम्म १६ मिटर कायम गरिएको निर्णय लागु हुन नसक्नु कानुनी व्यवस्थाकै कारणले गर्दा हो । मन्त्रीपरिषद्सँग ऐन बिरुद्ध गएर निर्णय गर्ने अधिकार हुँदैन । त्यस्तै बाईपास स्थायी दिगो नहुने हुँदा महेन्द्र राजमार्गको यो बजार क्षेत्र विस्तार गर्नुको विकल्प छैन । तसर्थ बृहत हेटौंडाको भविष्य केन्द्रमा राखेर सडक विस्तारको काममा सहजीकरण गरौं । अस्तू ।

# परनिर्भरता अभिशाप हो



प्रा.डा. हरि शर्मा



अहिलेसम्म मुलुकको अर्थतन्त्र चलायमान बनाइराख्न सरकार निरन्तर जुटिरहेको उडन्ते समाचारहरू कफी सप र चिया पसलहरूमा सुन्दै आइरहेका थियौं, अब गर्दागर्दै नेपाल सरकारको अर्थमन्त्रालय नै कसरी गतिशील बनाइराख्ने प्रश्न सरकारसमक्ष तेर्सिएको भाइरल समाचारले धेरैजसो अर्थविद् जिल्लाराम परेका छन् । संघीय बजेट बडो उत्साहपूर्ण रूपले हाम्रा मन्त्रीले विदेशी सुट-टाई र स्वदेशी अल्लोको झोलामा सजिएर संसद्मा पेस गरेको दृश्य अहिले पनि आँखाअगाडि झल्झली आइरहन्छ ।

ऋण काढेर भए पनि घ्यू नै खानुपर्ने हाम्रो आदिम संस्कृतिको अक्षरशः पालना गर्दै आन्तरिक तथा बाह्य ऋणको भारी बोकेरै भए पनि हाम्रा अपुरा विकासका पूर्वाधारहरूको निर्माण कार्यले अब त समयमै पूर्णता पाउने भए भन्ने आशाले नेपाली जनता चहकिएका पनि देखिए । तर, केही दिनदेखि राजस्व संकलनको स्वरूप र अनुदानको आकार खुम्च्याउँदै सरकारले आफ्ना आर्थिक गतिविधिलाई मन्द गतिमा अघि बढाउँदै लैजान बाध्य भएको जस्तो आम नागरिकलाई भान हुनु सायदै अस्वाभाविक ठहरिएला । नागरिकको निधारमा करको बोझ मानिएका सातवटा प्रदेश सरकारले पनि पहिलेको आवभन्दा यसपालिको आव (२०८०-८१) को आफ्नो खर्चको कुल रकम, पुँजीगत रकम र चालु बजेटको अनुमानित भार घटाएका छन् ।

बजेटलाई बढी लोकप्रियताको कसीमा बाँध्न कोसी प्रदेशले पूर्वाधार निर्माण, मधेस प्रदेशले पर्यटन, बागमतीले सडक, गण्डकीले जलस्रोत, लुम्बिनीले कृषि र कर्णालीले जनताको सुख-समृद्धि तथा सुदूर पश्चिम प्रदेशले कृषि उत्पादनमा आत्मनिर्भरतालाई प्राथमिकताका साथ किटान गरेको देखिएको छ । यसरी बजेटमा जुन एउटा स्वस्थ परम्परा बसाल्ने चेष्टा गरिएको छ, त्यो सराहनायोग्य रहेको मान्नु नै पर्छ ।

तर, संघका शक्तिकेन्द्रहरूले प्रदेशमा आफ्नो वर्चस्व स्थापित गर्न खेलिरहने गरेको राजनीतिक प्रतिस्पर्धाको खेलले सदैव धूमिल बनाइरहने पृष्ठभूमिमा प्रदेशका शक्तिहरुले मुखरित भएर काम गर्ने वातावरण गुमाइरहेको हामी देख्दै छौं । फलस्वरुप कहीं खर्च हुँदैन, कहीं बेरुजुको भार बढेको पाइन्छ । भ्रष्टाचारको बेथितिले पालिकाहरु पनि ग्रस्त देखिन थालेका छन् । अर्थात् सुशासन-शून्य अवस्थाबाट हामी एक पाइला पनि दह्रो रूपले अगाडि बढ्न नसकेको अवस्थाले अधिकांश पालिकालाई समेत संक्रमित पारेको प्रस्टै छ ।

युवाहरूको विदेश-पलायन र बेरोजगारीको भयावह समस्यालाई मत्थर पार्न सातैवटा प्रदेशमा थालिएको श्रमाधान रोजगारी मेलाले कैयौं ठाउँका बेरोजगारी समस्यालाई स्थलगत रूपमै समाधान गर्नेतर्फ सघाएको विषय अहिले चर्चाको विषय बनेको सबैले अनुभव गरेका छन् । प्रायःजसो औद्योगिक क्षेत्र रहेका ठाउँहरु जस्तै–विराटनगर, जनकपुर, पोखरा, बुटवल र धनगढीमा श्रमाधान मेलाले बेरोजगारीको समस्या सम्बोधन गर्नेतर्फ एउटा सकारात्मकतालाई तरंगित पारेको छ । यस्ता महत्वपूर्ण र गहन राष्ट्रिय कार्यक्रमहरुलाई विस्तारित, विकसित र दिगो स्वरूप प्रदान गर्न राज्य गम्भीर हुनुपर्ने देखिन्छ । देश चलाउन खर्च थेग्न श्रम स्वीकृति बेचेर मात्र होइन, स्वदेशभित्रै रोजगारीका अवसरको सिर्जना गरिनु अपरिहार्य हो ।

उच्च शिक्षा र रोजगारीका नाममा मुलुकभित्रको युवा-शक्तिलाई बिदेसिने मार्ग प्रशस्त पारेर राज्यले सम्भवतः असल नीति अवलम्बन गरेको छ भन्न मिल्दैन । भोलिको राष्ट्रका कर्णधारहरूलाई आफ्नै देशमा बस्न सक्ने र इलम गर्न सक्ने सीप र कार्यकौशलता प्रदान गरेर मात्र देशको उर्वर धर्ती हराभरा र लहलहाउने हुन्छ । वातावरण र पर्यावरणले समुचित स्याहार पाउँछन् । उत्पादन र उत्पादकत्व बढ्छ । बढ्दै गएका सामाजिक विकृति र विसंगतिहरु क्रमिक रुपले घट्दै जान्छन् । सरकारले युवाहरूलाई विदेशको प्रलोभनमा पारेर केही राजस्व त उठाउला, तर एकचोटि सरकारमा नीति निर्माता भएर लाभको पदमा रमाउनेहरूले सोच्नैपर्ने होइन र ?

३ सय ३० दिनमा युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउनका लागि ६ लाख ८१ हजार श्रम स्वीकृति वितरण गरिन्छ । तिनै बिदेसिएका युवा-युवतीले पठाएको रकम (रेमिटेन्स) बाट सरकारले मात्र सत्ता जोगाउन सेता हात्तीहरुलाई तलब, भत्ता र सुविधा जुटाइदिएर पालेर राख्ने ? किसानले पाउने अनुदान, राहत, मल, बीउ र बक्यौता जो करिब ४ अर्बको छ, त्यो नपाएको गुनासो चर्किंदै गइरहेको छ । सरकार भन्छ, हाम्रो उच्च प्राथमिकता कृषिमा नै छ । उत्पादन बढाउनुमै छ । पाँच वर्षमा सरकारले कृषि अनुदानमा मात्रै ३६ अर्ब ४ करोड खर्च गरेको छ ।

वि.सं. ०७५-७६ मा सरकारले १२ अर्ब २९ करोड अनुदानस्वरूप प्रदान गरेको थियो, त्यस वर्षको खाद्यान्न उत्पादन १० हजार ३ सय ३८ हजार टन भएकोमा वि.सं. ०७९-८० मा माथि भनिएअनुसार ३६ अर्ब ४ करोड देखिन्छ र कुल खाद्यान उत्पादन १० हजार ७ सय ७७ टन मात्रै देखिन्छ । अर्बौं खर्च गरेर पनि उत्पादन बढेको नदेखिनुमा के-कति कारण हुन सक्छन्, त्यसको अनुसन्धान हुनुपर्छ । सरोकारवाला मन्त्रालय कृषि तथा पशुपन्छी मन्त्रालयले वितरण गरिएको अनुदान ठीक ठाउँमा नपरेको तथ्य औंल्याउँदै अनुदानको

....बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यान वाहनसँग विशेष सजगता अपनाउँदा राम्रो ।
**वृष** : मनोरञ्जनमा रमाइने समय योग रहेको छ ।
**मिथुन** : आत्मबलले काममा पूर्णता प्राप्त गर्ने समय छ ।
**कर्कट** : ज्ञान र प्रज्ञा बढाउने समय योग रहेको छ ।
**सिंह** : आपसी तालमेल मिलाउँदा कठिनता आइपर्ला ।
**कन्या** : परिश्रमको राम्रै प्रतिफल पाइने समय योग छ ।
**तुला** : आत्मीय प्रेमको अनुभूति हुने समय योग छ ।
**वृश्चिक** : काममा जोस जाँगर बढ्ने समय योग छ ।
**धनु** : कल्पना र भावनामा रमाइने समय योग छ ।
**मकर** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**कुम्भ** : नाम र प्रतिष्ठा कमाइने समय योग रहेको छ ।
**मीन** : आफन्तले निः स्वार्थ भावले सहयोग गर्नेछन् ।

# सिद्धार्थ माविको नायकमा पण्डित निर्वाचित

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको नायकमा कक्षा-१० का युवराज पण्डित निर्वाचित हुनुभएको छ । शुक्रबार भएको निर्वाचनबाट पण्डितले कक्षा-१० का सुनिल तामाङलाई ८३ मतले हराउँदै विद्यालयको नायकमा निर्वाचित हुनुभएको हो ।

पण्डितले ३ सय ६५ मत प्राप्त गर्दा अर्का आंकाक्षी तामाङले २ सय ८२ मत प्राप्त गर्नुभयो । विद्यालयको सह-नायकमा कक्षा-९ की दीपिसा श्रेष्ठलाई १ सय मतले हराउँदै कक्षा-१० का सुमन राय निर्वाचित हुनुभएको छ । रायले ३ सय ५८ मत प्राप्त गर्दा प्रतिस्पर्धी श्रेष्ठले २ सय ५८ मत प्राप्त गर्नुभयो ।

विद्यालयको सदनको नायकका लागि भएको निर्वाचनमा निलो सदनबाट कक्षा-९ का कृष्णा यादवले कक्षा-७ की सुस्मिता दाहाललाई ७६ मतले हराउँदै सदन नायक निर्वाचित हुनुभएको छ । यादवले ८९ मत प्राप्त गर्दा प्रतिस्पर्धी दाहालले १३ मतमात्र प्राप्त गर्नुभयो । निलो सदनबाट नै सह-नायकका लागि भएको निर्वाचनमा कक्षा-१० का करुण दाहाललाई ३३ मतले हराउँदै कक्षा-८ का सुवोध साह निर्वाचित हुनुभएको छ। विजेता साहले ८९ मत प्राप्त गर्दा प्रतिस्पर्धी दाहालले ५६ मत प्राप्त गर्नुभएको हो ।

हरियो सदनबाट कक्षा-९ की उन्नति अर्याललले कक्षा-६ का सुशान्त लामालाई ७३ मतले हराउँदै सदन नायक निर्वाचित हुनुभएको छ। विजयी अर्याललले ९० मत प्राप्त गर्दा पराजित लामाले १७ मतमात्र प्राप्त गर्नुभयो । कक्षा-८ की सन्ध्या सापकोटाले २७ मतले कक्षा-६ का रोशन गिरीलाई हराउँदै सह-नायकमा विजयी हुनुभएको छ। सापकोटाले ६७ मत प्राप्त गर्दा गिरीले ४० मत प्राप्त गर्नुभएको हो।

सुन्तला रंग सदनबाट कक्षा-९ की विनिता थोकरलाई १६ मतले पराजित गर्दै कक्षा-९ कै निखिल सिंह नायक निर्वाचित हुनुभएको छ । विजयी सिंहले ५६ मत प्राप्त गर्दा प्रतिस्पर्धी थोकरले ४० मत प्राप्त गर्नुभयो। कक्षा-६ का अभिषेक दासलाई २८ मतले पराजित गर्दै कक्षा-१० की दीपा न्यौपाने सह-नायकमा निर्वाचित हुनुभएको छ । विजयी न्यौपानेले ६० मत प्राप्त गर्दा दासले ३२ मत प्राप्त गर्दै पराजित हुनुभएको हो ।

रातो सदनबाट कक्षा-१० की सोनी गोलेलाई ४२ मतले हराउँदै कक्षा-८ का उज्ज्वल पटेल सदन नायकमा निर्वाचित हुनुभएको छ। निर्वाचित पटेलले ७८ मत प्राप्त गर्दा आकांक्षी गोलले ३६ मत प्राप्त गर्नुभयो। कक्षा-७ का हार्दिक पण्डितलाई ७८ मतले पराजित गर्दै कक्षा-१० का अनुप पौड्याल सह-नायकमा निर्वाचित हुनुभएको छ। पौड्यालले ९५ मत प्राप्त गर्दा पण्डितले १७ मत प्राप्त गर्दै पराजित हुनुपरेको हो ।

बैजनी सदनबाट कक्षा-७ की प्रियान्सी बानियाँलाई ६० मतले पराजित गर्दै कक्षा-९ का कन्हैयाकुमार यादव सदन नायक निर्वाचित हुनुभएको छ । विजयी यादवले ८७ मत प्राप्त गर्दा बानियाँले २७ मत प्राप्त गर्दै पराजित हुनुभएको हो । बैजनी समूबाटै सह-नायकमा कक्षा-१० का स्तोत्र लामिछाने निर्वाचित हुनुभएको छ । लामिछानेले प्रतिस्पर्धी कक्षा-८ का अर्पण गोलेलाई ३० मतले पराजित गर्दै नायकमा निर्वाचित हुनुभएको हो । लामिछानेले ८५ मत प्राप्त गर्दा गोलेले ५५ मत प्राप्त गर्नुभयो ।

पहेँलो सदनबाट कक्षा-७ का अनिस स्याङ्तानलाई २४ मतले पराजित गर्दै कक्षा-९ की निर्मला सिर्मल सदन नायकमा निर्वाचित हुनुभएको छ । सिर्मलले ६२ मत प्राप्त गर्दा प्रतिस्पर्धी स्याङ्तानले ३८ मत प्राप्त गर्नुभयो । पहेँलो सदनकै सह-नायकमा कक्षा-१० की सफलता लामा निर्वाचित हुनुभएको छ । विजयी लामाले प्रतिस्पर्धी कक्षा-९ का सुलभ ढुंगानालाई ४६ मतले पराजित गर्दै सह-नायकमा निर्वाचित हुनुभएको हो । विजयी लामाले ६६ मत प्राप्त गर्दा ढुंगानाले २० मत प्राप्त गर्नुभएको हो ।

निर्वाचन प्रक्रियामा कक्षा-६ देखि १० सम्मका विद्यार्थीहरुलाई मताधिकार प्रदान गरी मतदान गर्न मिल्ने व्यवस्था मिलाइएको थियो । विद्यार्थीहरुलाई मतदानको शिक्षा प्रदान गर्दै मतदानको अभ्यास गराउनका लागि नायक, सह-नायक, सदन नायक र सह-नायकका लागि निर्वाचन गरिएको हो । कक्षा ६ देखि १० सम्मका ६ सय ७० जना विद्यार्थीहरुले मतदान गर्न मिल्नेगरी व्यवस्था गरिएको थियो । एक साता पहिला नै विद्यालयले मतदान प्रक्रियाका लागि कार्यतालिका सार्वजनिक गरेको थियो । निर्वाचन प्रक्रियाबाट विजयी हुनेहरुलाई आइतबार सपथग्रहण गराइने बताइएको छ ।

## परनिर्भरता...

दुरुपयोग भएको स्वीकार गरेको छ। वि.सं. २०७६, २०७७ र २०७८ मा अनुदान रकम बढेको छ, तर खाद्यान्न, तरकारी र फलफूल उत्पादन औसत लगभग उस्तै छ ।

अनुदान बढेको अवस्था रहे पनि गत आवमा मात्रै खाद्यान्न, तरकारी तथा फलफूल आयातमा १ खर्ब १२ अर्ब ९९ करोड खर्च भएको तथ्यांक प्रकाशित छ। मन्त्रालयको अनुदान प्रणाली र अनुगमन एकदमै त्रुटिपूर्ण रहेको प्रस्टै देखिन्छ । कहाँ बीउ, बिरुवा बाँडियो, कहाँ मल, त्यहाँ सामञ्जस्यता शून्य रहेकाले मन्त्रालयले कृषकलाई प्रोत्साहित गर्न वितरण गर्ने रकममा चलखेल भएको वा गलत पात्रहरूमा पुगेको स्पष्ट हुन्छ । यसतर्फ यथेष्ट अध्ययन-अनुसन्धान गर्नुपर्ने आवश्यकता छ ।

नेपाली जनताले सकी-नसकी तिरेको राजस्वको सरकारी निकायबाट त्यसरी अपव्यय हुनु दुर्भाग्यको कुरा हो । कृषिमा लगानी बढाउन सरकार अझ पनि तत्पर छ। कृषिको उत्पादन र उत्पादकत्व बढाएर कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्दै युवाहरूमाझ स्वरोजगार वृद्धि गर्ने र उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य अत्यन्तै स्तुत्य छ । तर, त्यसका लागि गृहकार्य छैन, लिपिबद्ध योजना छैन, कार्यक्रम छैन । अहिले त सरकारले २०८१ देखि २०९१ सम्म 'कृषिमा लगानी दशक' पनि घोषणा गर्न नचुकेको अवस्था छ । तर, सरकारी स्वामित्वकै दुग्ध विकास संस्थानलगायत कैयौं निजी डेरी उद्योगले दुग्ध किसानलाई नियमित भुक्तानी गर्दै आइरहेकोमा लामो समयदेखि भुक्तानी नभएको हुँदा कृषकहरूमाझ नैराश्यता र मालिन्यता बढ्नु स्वाभाविकै हो ।

विडम्बना त के हो भने संस्थानका वरिष्ठ कामदारहरूको भत्ता बढेको बढ्यै छ। स्वरोजगारमा रमाउँदै आइरहेका दुग्ध कृषकलाई सरकारले अविलम्ब भुक्तानीको व्यवस्था मिलाई भुक्तानीको नियमित प्रक्रियालाई बढाउनु जरुरी छ । दशक घोषणाले कृषकहरूमा उत्साह ल्याउनुपर्ने होइन र ? कृषि र पशुपालन क्षेत्रमा नेपालले गर्न सक्ने हजारौं काम छन्, भाषण मात्रमा सीमित रहेर कृषकलाई पनि पलायनको वातावरण सृजना हुन नदिऊँ, आजभन्दा २५-३० वर्षअघि गाँवैगाउँको देश कहिलएको नेपालका प्रायःजसो घरघरमा २०-२२ वटा भैंसी र ५-७ वटा गाई र कैयौं भेडा-बाख्रा हुने गरेको अब इतिहास भइसक्यो ।

गाउँ त गाउँ नै छन्। झन्डै निर्जन र बाँझो जग्गा जमिनले भरिएको। ज्येष्ठ नागरिक मात्र भेटिन्छन्, यदाकदा स्कुल जाने केटा-केटीहरु। काठमाडौंका मेयरले बडो आसलाग्दो कृषिको रोडम्याप कोरेर मुलुकभरिका बाँझा जमिनहरुलाई एकीकृत गरी सहकारीका आधारमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र नेपालले पुनः खाद्यान्न निर्यात गर्न सक्ने क्षमताको पुनरावृत्ति सुरु गर्ने कार्यक्रम त सुनाए, तर मुलुक जुन किसिमको राजनीतिक दलदलमा भासिएको छ, त्यसबाट उम्कन युवावर्ग नै राजनीतिमा आउनुपर्ने आममानिसले आफ्नो अड्कल बताएको सुनिन्छ ।

अब संक्षिप्तमा पर्यटनतर्फको दृश्यतिर फर्कौं । हालै पर्यटन मन्त्रीले यस वर्ष १६ लाख पर्यटकलाई नेपालमा स्वागत गर्ने तयारी भइरहेको बताएका छन् । उद्देश्य लिनु के, उडी छुनु चन्द्र एक । यस पटक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ११ अर्ब ९१ करोडको बजेट पाएको छ । गत वर्ष पर्यटनले ११ लाख ९० हजार रोजगारी सिर्जना गर्‍यो । नेपाल आउने विदेशी पर्यटकले कुल ९३ अर्ब ९० करोड खर्च गरे । लुम्बिनीमा गत पाँच महिनामा ५ लाख पर्यटकले भ्रमण गरे। झन् महत्वपूर्ण कुरा त के भने लुम्बिनी विकास कोषको तदारुकतामा कपिलवस्तुको तिलौराकोटको सम्पदा क्षेत्रलाई विश्व सम्पदा क्षेत्र सूचीमा सूचीकरण गराई पाउन संयुक्त राष्ट्रको विशेष संस्था युनेस्कोमा आवेदन दर्ता गरिएको छ।

नेपाल विश्व सम्पदा क्षेत्रमा धनी देश हो । काठमाडौं उपत्यकाको २० किलोमिटर क्षेत्रभित्रै युनेस्कोद्वारा मान्यताप्राप्त विश्वविख्यात सातवटा सम्पदा क्षेत्र छन् । तिलौराकोटको ऐतिहासिक पृष्ठभूमिलाई दृष्टिगत गर्दा यसले धेरै अघि नै विश्वसम्पदा क्षेत्रको मान्यता हासिल गर्नुपर्ने हो । नेपाल सरकारको संस्कृतिसँग सरोकारवाला मन्त्रालयले यसतर्फ सशक्त पहल गर्न जरुरी छ । मधेस प्रदेशले त पर्यटन प्रवर्द्धनलाई नै मुख्य लक्ष्य बनाएको छ । पर्यटकको नेपाल बसाइ लम्ब्याउने उद्देश्यले पोखरेली साथीहरूले फेवातालवरिपरि पदमार्ग निर्माणमा जुट्ने अठोट गरिसके। र, त्यससँगै फेवातालमा फोहोर फाल्ने, लुगा धुने, जलकुम्भीलाई फैलन नदिने कामलाई प्राथमिकतामा राख्न जरुरी छ।


रारा तालवरिपरि पनि पर्यटकका लागि पदमार्गको निर्माण गरिने त भनिएको हो तर काम कति अघि बढ्यो, जानकारी हुन सकेको छैन। जे होस्, पर्यटन मन्त्रीले भनेअनुसार पर्यटकको आवागमनको आधार हवाई सेवा आगामी दिनहरूमा अझै सुलभ, सरल र प्रभावकारी बन्नेछ भन्ने विश्वास गर्न सकिन्छ । बेनी-जोमसोम-कोरला सडक (२०२ किमि) निर्माणको कार्य पनि ८० प्रतिशत पूर्ण भइसकेको अवस्थाले पर्यटन व्यवसायीहरू उत्साहित नै छन् ।

आगामी २०८१ असार १७ गते (जुलाई १) का दिन नेपालको एकमात्र राष्ट्रिय ध्वजावाहकले आफ्नो स्थापनाको ६६ औं वर्ष पूरा गरी ६७ औं वर्षमा प्रवेश गर्दै छ। निगमको सशक्तीकरण नभईकन नेपालमा पर्यटक आगमनको अवस्था यथास्थितिमै रहन जाने निश्चित छ । तसर्थ, सरकारले नेपालमा विदेशी जहाज आइराखेकै छन् भन्दै अभिशप्त परनिर्भरतातर्फ कदाचित लम्किनु हुँदैन !

*(स्रोत: कारोबारदैनिक)*

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## निर्वाचित हुँदाको अनुभव



सान्भी नेपाल

म कमाने एकेडेमी विद्यालयको कक्षा ५ मा पर्ने छात्रा हुँ। गत बर्ष जस्तै यसपालि पनि मेरो विद्यालयमा विद्यालय कप्तान सहकप्तान र विभिन्न सदनका कप्तान र सहकप्तानको प्रतिनिधिको छनोटका लागि निर्वाचन कार्यक्रम हुने जानकारी गराइएको थियो ।

यसपालि मलाई पनि पहेँलो सदनबाट कप्तानमा उठ्ने रहर लाग्यो र उम्मेदवारीका लागि मैले मेरो आफ्नो सदनका सदस्यहरूसँग छलफल गरेर नाम दिएँ । विद्यालयको उम्मेदवार छनोटको मापदण्ड अनुसार म पनि उम्मेदवारको रुपमा छनोट हुन सफल भएँ। त्यसदिनदेखि मैले मेरो सदनका लागि एउटा योग्य कप्तान बनेर काम गर्ने अठोट लिएको थिएँ।

म जुनियर सदनबाट उठेको हुनाले कक्षा १ देखि ५ कक्षाका पहेँलो सदनका सदस्यहरूलाई मतपत्र भोट हाल्ने तरिका, भोट हाल्ने मिति र समयको बारेमा बुझाउन जरुरी थियो । त्यसैले म मतदानको बारेमा बुझाउँदै र आफ्नो उम्मेदवारीका लागि भोट माग्न थालेँ। यसरी भोटका लागि भनिरहँदा मनमा नै मैले नजित्ने हो कि भन्ने पनि लाग्यो । तर फेरि सोचेँ पहेँलो सदनको कप्तानका लागि म योग्य छु भने मेरो आत्मविश्वास थियो ।

निर्वाचन सम्बन्धी बुझाउने र भोट माग्ने समय सकिएपछि मौन अवधिमा मेरो मुटु चिसो हुन थाल्यो । त्यो दिन मेरो मन आतिसकेको थियो तर मलाई मेरो भाइबहिनी र साथीहरूप्रति विश्वास थियो कि उनीहरूले मलाई निर्वाचित गराउनुहुन्छ। त्यसपछि मेरो भोट हाल्ने क्रम सुरु भयो। सुरुमा कप्तानको उम्मेदवारहरुले भोट हाले र सहकप्तान उम्मेदवारहरूले भोट हाल्ने र मेरा अरु साथीभाइ र दिदीबहिनीहरूको भोट हाल्ने पालो आयो। बिस्तारै भोट हाल्ने काम सकियो र त्यसपछि मतगणनाको समय आयो त्यो बेला पनि मेरो मुटुको धड्कन बढ्न थालेको थियो । बिस्तारै मतगणनाको समय सकियो र जब निर्वाचित उम्मेदवारहरूको नाम घोषणा गरियो र जब मैले मेरो नाम सुने तब मेरो खुसीको ठेगाना थिएन ।

मलाई कप्तानको रूपमा चुन्नुभएकोमा म सबै पहेँलो सदनका सदस्यहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु र वाचा गर्नेछु कि म आफ्नो सबै जिम्मेवारीहरु पूरा गरी आफ्नो सदनलाई अगाडि लाने प्रयास गर्नेछु ।

*कक्षा-५*

## चित्रकला






आर्यन चौहान
कक्षा-७

## मुखै रसायो




किस्मत खनाल

एउटा सहरमा राम्ररी दुईजना साथी बस्थे । उनीहरू आपसमा खुब मिल्दथे उनीहरु बिदाको समयमा बजार गएर विभिन्न खाजाहरु खान्थे । जस्तै मःम, चाउमिन, बर्गर, पिज्जा, आदि खाने गर्थे। यही बीचमा उनीहरूको विद्यालयमा गर्मी बिदा हुन्छ । एक महिनाको बिदा मनाउन र गर्मी छल्न उनीहरू गाउँमा गए । गाउँमा पुगेपछि गर्मीको समय भएकोले उनीहरूलाई मोही खुवाउनुभयो । उनीहरूले मिठो मानेर मोही खाए। त्यसपछि मोही भन्ने बित्तिकै उनीहरूको मुखै रसाउँथ्यो। अब उनीहरू दुबैजनाले अरु चिसो नखाई मोही खाने वाचा गरे।

*कक्षा-५*

## गर्मी



विनम्र दाहाल

सूर्य तिम्रो रूप प्रचण्ड
गल्ती नगरे पनि के को दण्ड
अझ पर्वत पोल्ने गर्मी
ग्रीष्म ऋतु रहेछ अधर्मी

गर्मी मौसम आयो
घाम र पसिनासँगै ल्यायो
अत्यन्तै गर्मी बढेदेखि
सबैको ओठको मुस्कान हरायो

हे गर्मी जब तिमी आयौ
सबैलाई सतायो
बच्चादेखि बुढासम्म
सबैलाई अतायौ

गर्मी तिमी न्यानो बनिदेउ
शीतल छाई प्यारो बनिदेउ
नचर्क गर्मी शान्त होऊ
बेलाबेलामा हावा र पानी ल्याउ

*कक्षा-५*

# पूर्वविद्यार्थीद्वारा छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग



*विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरुको समूह श्रमिक क्रियाशील विद्यार्थी समूहले श्रमिक माध्यमिक विद्यालयका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरेको छ । शनिबार बिहान विद्यालयमै पुगेर २५ जना विद्यार्थीलाई सहयोग हस्तान्तरण गरेको हो ।

क्रियाशील विद्यार्थी समूहले विद्यार्थीको घर-परिवारको स्थलगत अनुगमन गरेर छात्रवृत्ति पाउने विद्यार्थी लागि छनोट गरेको हो । समूहकी अध्यक्ष सपना लामाको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको प्रमुख आतिथ्यमा छात्रवृत्ति तथा शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रम भएको हो । क्रियाशील विद्यार्थी समूहले २५ जना विद्यार्थीलाई शैक्षिक सहयोग शूल्क, झोला, शैक्षिक सामग्री सहयोग गरेको हो । समूहले नियमितरुपमा सहयोग हस्तान्तरण गर्दै आएको छ भने विद्यालयले स्थापना गरेको अक्षयकोषमा पनि सहयोग गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि विवेक कार्कीले श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थी जिल्लाकै सक्रिय पूर्वविद्यार्थीको रुपमा रहेको बताउनुहुँदै पूर्वविद्यार्थीको सहयोग महत्वपूर्ण भएको बताउनुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले सबैको साथ र सहयोगमा विद्यालयको सुधारको प्रयास भइरहेको जानकारी दिनुभयो । पठनपाठनको माध्यम भाषा अंग्रेजी भाषा हुनु सुधारको मानक नभए पनि अभिभावकको आकर्षणका कारण ८ कक्षासम्म अंग्रेजी माध्यमबाट र १० कक्षासम्म नेपाली माध्यममा पठनपाठन भइरहेको प्रधानाध्यापक दाहालले जानकारी दिनुभएको छ ।

श्रमिक पूर्वविद्यार्थी समाजका संयोजक सुरेश श्रेष्ठले पूर्वविद्यार्थीको तर्फबाट महत्वपूर्ण सहयोग हस्तान्तरण हुँदै आएको जानकारी गराउनु हुँदै क्रियाशील विद्यार्थी समूहले सराहनीय कार्य गरेको बताउनुभयो । विद्यालयको सन्तोषजनक सुधार हुँदै आएको उल्लेख गर्नुहुँदै आगामी दिनमा पूर्वविद्यार्थीबाट अझै साथ र सहयोग बढाउँदै लैजाने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो । क्रियाशील विद्यार्थी समूहमा ४६ जना सदस्य छन् । १० कक्षासम्म पठनपाठन हुने श्रमिक माध्यमिक विद्यालयमा ६ सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

# गाँजासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-५, ठुलो खोल्साबाट प्रहरीले लागुऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-८ का २१ बर्षीय अशोकलाल मोक्तान, ३१ बर्षीय दीपक मोक्तान र ३५ बर्षीय बुद्धिलाल मोक्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शुक्रबार राती ८ बजेको समयमा प्रहरी निरक्षकसहितको गस्ती टोलीले पैदल हिँडिरहेका उनिहरुलाई शंका लागी सुरक्षाजाँच गर्दा उनिहरुले बोकेको झोलाबाट लागुऔषध गाँजा बरामद गरेको थियो । प्रहरीले झोलाबाट ८ किलो ५ सय ग्राम गाँजा बरामद गरेको जनाएको छ । लागुऔषध गाँजासहित तीनै जनालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर पठाइएको छ ।

## चित्रकार मृत फेला

# नातिको कुटाईबाट माझीको मृत्यु

समाज संवाददाता

हेटौँडाः नुवाकोट जिल्लाको तार्केश्वर गाउँपालिका-२, ढोरबेसीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४० वर्षीय चन्द्रमान चित्रकार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चित्रकार त्रिशुली नदी नजिक भिरको खोजबाट मंगलबारदेखि हराएका थिए । चित्रकार शुक्रबार साँझ ७ बजेको समयमा ढोरबेसीमा मृत फेला परेका थिए । अनुसन्धानको क्रममा चित्रकारको मानसिक सन्तुलन ठिक नभएको पाइएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-१२, माझीगाँउमा २५ वर्षीय नाति निरज माझीको कुटपिटबाट घाइते वृद्ध हजुरबुबाको मृत्यु भएको छ । मृत्यु हुनेमा ७२ वर्षीय बिकु मान माझी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

गत जेठ १३ गते निरजको कुटपिटबाट वृद्ध घाइते भएका थिए । घाइते वृद्धलाई उपचारका लागि न्युरो अस्पताल बाँसबारी काठमाडौं लगिएको थियो । सामान्य उपचार पश्चात जेठ २८ गते डिस्चार्ज भई घर ल्याएकोमा शुक्रबार बिहान ८ बजेको समयमा घरमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । कुटपिटमा संलग्न निरजको मानसिक सन्तुलन ठिक नभई मानसिक रोगको औषधी सेवन गर्ने गरेको पाइएको प्रहरीले जानकारी दिएको छ ।

# भूटनदेवीमा क्याप्टेन र भाइस क्याप्टेन चयन

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयमा विद्यार्थीको नेतृत्व चयनका लागि निर्वाचन भएको छ । निर्वाचन प्रक्रियाबाट विद्यालयको क्याप्टेन र भाइस क्याप्टेन तथा हाउस क्याप्टेन र भाइस क्याप्टेन चयन गरिएको हो ।

शुक्रबार विद्यालयले नेतृत्व चयनका लागि निर्वाचन गरेको अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक सुमन श्रेष्ठले जानकारी दिनुभयो । कक्षा ८ देखि १० सम्मको विद्यालय क्याप्टेन, भाइस क्याप्टेन तथा हाउस क्याप्टेन, भाइस क्याप्टेनमा ५ सय ३७ जनाले मतदान गरेको उहाँले जानकारी दिनुभयो । विद्यालयको क्याप्टेनमा साजित खान चयन हुनुभएको छ । खानले ४ जनालाई पछि पार्दै १७४ मतले विजयी हुनुभएको हो । विद्यालयको भाइस क्याप्टेनमा सुमित यादव चयन हुनुभएको छ । यादवले ५ जनालाई पछि पार्दै २ सय ७४ मतले विजयी हुनुभएको छ ।

यस्तै, रेड हाउस क्याप्टेनमा आलुकुमार यादव चयन हुनुभएको छ । यादवले ४ जनालाई पछि पार्दै विजयी हुनुभएको हो । भाइस क्याप्टेनमा ३ जनालाई पछि पार्दै सचिन यादव चयन हुनुभएको हो । यस्तै, ब्लु हाउसबाट सुभासप्रसाद जैसवाल ३ जनालाई पछि पार्दै क्याप्टेनमा विजयी हुनुभएको छ । ब्लु हाउसबाट प्रिन्सकुमार कड ३ जनालाई पछि पार्दै भाइस क्याप्टेनमा चयन हुनुभएको छ ।

ग्रीन हाउसतर्फ पुरुषोत्तम साह ३ जनालाई पछि पार्दै क्याप्टेनमा विजयी हुनुभएको छ भने विकास यादव ३ जनालाई पछि पार्दै भाइस क्याप्टेन चयन हुनुभएको छ । यस्तै, एल्लो हाउसतर्फ सुबेन्द्र दास ३ जनालाई पछि पार्दै क्याप्टेनमा विजयी हुनुभएको छ भने प्रभास यादव २ जनालाई पछि पार्दै भाइस क्याप्टेनमा चयन हुनुभएको छ ।

निर्वाचन प्रक्रियामा हेटौँडा उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो । निर्वाचनमा सहायक प्रधानाध्यापक भरत पोखरेल र वेदराज कोइरालाले पर्यवेक्षकको भूमिका निर्वाह गर्नुभएको थियो । शिक्षक प्रतिनिधिको रुपमा सूर्यप्रसाद घिमिरे रहनुभएको थियो । अनुगमन तथा सल्लाहकारमा विद्यालयका प्रधानाध्यापक माधव दाहाल र विद्यालयका लेखापाल बालकृष्ण दाहाल रहनुभएको थियो । विद्यालयमा हाल २ हजार ६ सय विद्यार्थी अध्ययनरत छन् ।

# सिद्धार्थ शिशु सदनको क्याप्टेनमा खड्का र यादव

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५ स्थित सिद्धार्थ शिशु सदनको विद्यालय क्याप्टेनमा कक्षा १० का अग्रीम खड्का र कक्षा १० की प्रीति यादव चयन हुनुभएको छ । शुक्रबार भएको निर्वाचनमा कक्षा ५ देखि कक्षा १० सम्मका ३ सय ८४ जना विद्यार्थीले मतदान गरेको विद्यालयका शिक्षक सुन्दर लुईटेलले बताउनुभयो ।

कार्यक्रमको उद्घाटन विद्यालयका प्रधानाध्यापक निर्मल पराजुलीले गर्नुभएको थियो । विद्यालयका सहायक प्रधानाध्यापक केदारनाथ न्यौपाने निर्वाचन अधिकृत हुनुहुन्थ्यो । विद्यालयको भाइस क्याप्टेनमा छात्रतर्फ कक्षा ९ का आदित्य पराजुली र छात्रातर्फ कक्षा ९ कै खुसी खातुन चयन हुनुभएको छ । रेड हाउस क्याप्टेनमा विश्व बेलबासे चयन हुनुभएको छ भने रेड हाउस भाइस क्याप्टेनमा विधान घिमिरे चयन हुनुभएको छ ।

ग्रीन हाउसको क्याप्टेनमा शिशिर बस्नेत र भाइस क्याप्टेनमा पूर्णिमा दुलाल चयन हुनुभएको छ । ब्लु हाउस क्याप्टेनमा कृतार्थ ढोडरी र भाइस क्याप्टेनमा विपुल चौधरी चयन हुनुभएको छ । एल्लो हाउस क्याप्टेनमा आशिका ढकाल र भाइस क्याप्टेनमा प्रनिसा थापा चयन हुनुभएको छ । विद्यालयले प्रत्येक वर्ष निर्वाचन अभ्यासबाट विद्यार्थी नेतृत्व चयन गर्दै आएको छ । विद्यार्थीहरुलाई सामाजिक र व्यवहारिक ज्ञान सिकाउन पनि निर्वाचनको अभ्यास गराइएको विद्यालयका शिक्षक सुन्दर लुईटेलले बताउनुभयो ।

# विद्यालयलाई खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौँडाः नेकपा (माओवादी केन्द्र) हेटौँडा उपमहानगरपालिका १९ नम्बर वडा कमिटीले वडाको लेखपानीमा रहेको जीवनज्योति आधारभूत विद्यालय खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग गरेको छ ।

पार्टीको जनभेटघाट कार्यक्रमअन्तर्गत शुक्रबार विद्यालयलाई १० हजार रुपैयाँ बराबरको खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग गरिएको नेकपा माओवादी केन्द्रका जिल्ला समन्वय कमिटीका सदस्य प्रकाश थोकरले जानकारी दिनुभएको छ । सहयोग हस्तान्तरण कार्यक्रममा नेकपा माओवादी केन्द्र १९ नम्बर वडा कमिटीका अध्यक्ष पूर्ण घलान, जिल्ला समन्वय सदस्य सुबोध घलान, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम बहादुर गोले र प्रधानाध्यापक कुमार सिङ्ग गोलेको पनि उपस्थिति रहेको थियो ।

# ज्ञवालीलाई श्यामप्रसाद स्मृति साहित्य सम्मान



समाज संवाददाता

हेटौँडाः साहित्यकार प्रदीप ज्ञवालीलाई हेटौँडामा सम्मान गरिएको छ । श्यामप्रसाद स्मृति साहित्य सम्मान २०८१ बाट साहित्यकार ज्ञवालीलाई हेटौँडामा सम्मान गरिएको हो ।

कविता, नाटक, उपन्यास, निबन्धजस्ता बहुविधामा कलम चलाएर लामो समयदेखि प्रगतिवादी लेखनमा महत्वपूर्ण योगदान दिनुभएका ज्ञवालीलाई शुक्रबार हेटौँडा-४ स्थित ओम्याक्स हलमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो । साहित्य संगम मकवानपुरले हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा सम्मान गरेको हो । ज्ञवालीलाई नगद १५ हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

विगतदेखि साहित्य संगम मकवानपुरले श्यामप्रसाद स्मृति सम्मान प्रदान गर्दै आएको संगमका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिनुभएको छ । ज्ञवालीको 'चिता जलिरहेछ', 'बिना शालिकका नायकहरु' र 'आस्था, ओ मेरी प्रिया' कविता संग्रह छन् । यस्तै, 'सहयात्री' (उपन्यास), 'कुहिरो' (कथा संग्रह), 'मार्क्सवादको सिर्जनात्मक प्रयोग', 'प्रचण्डपथः विचारको केन्द्रीकरण कि भ्रष्टिकरण', 'फिनिक्स पंक्षी र एमालेको पुनर्जीवन', 'युवाः एक बहस', 'राष्ट्रियता, पहिचान र सामाजिक रुपान्तरणः एक अर्थराजनीतिक बहस', 'सांस्कृतिक रूपान्तरणः एक विमर्श'लगायत करिब एक दर्जन कृति प्रकाशित छन् ।

कार्यक्रममा ज्ञवालीले ३ चरणमा ९ वटा एकल कविता वाचन गर्नुभएको थियो । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, सुवास खनाल र स्वस्तिका बानियाँले ज्ञवालीको एक-एक वटा कविता वाचन गर्नुभएको थियो भने अजर फुँयाल र आशाकाजी श्रेष्ठले उहाँको गीत गाउनुभएको थियो । गीतकार पुरुषोत्तम आचार्य, हरि पौडेल र विष्म गहतराजले स्थानीय सांगीतिक प्रस्तुत गर्नुभएको थियो । ज्ञवालीको कवितामाथि समीक्षक घनश्याम घिमिरेले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

यसअघि १५ हजार रुपैयाँ नगद राशि प्रदान गर्दै आएकोमा यस वर्षबाट पुरस्कार राशिको रकम बढाएको संगमका सचिव मनोज पोखरेलले बताउनुभयो । संगमले २०७९ सालमा नवराज शर्मा र २०८० सालमा केदान न्यौपानेलाई सम्मान गरिसकेको छ । संगमका अध्यक्ष बर्तौलाको सभाध्यक्षता तथा ज्ञवालीको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो । कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामालगायतको उपस्थिति रहेको थियो । संगमका उपाध्यक्ष सानु खनालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# ५८ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः हेटौँडा-८ स्थित सांगीतिक समूह अस्तित्व व्याण्डले शनिबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ । हेटौँडा-८, कमानेस्थित निमचोकमा भएको कार्यक्रममा ५८ जनाले रक्तदान गरेका छन् ।

अस्तित्व व्याण्डका अध्यक्ष निर्जल पुडासैनीको अध्यक्षता तथा संघीय संसदको भौतिक पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य डम्बर तामाङ, वडा अध्यक्ष रामकृष्ण थापाको पनि आतिथ्य रहेको थियो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो ।


समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।

Laya Shrestha

Pradip Adhikari
उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने

सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौँडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ